apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २६७ ● पृष्ठ: ४ ● २६ असोज २०८३ सोमबार (12 October 2026, Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## भलुवाहीमा घटस्थापनाको अवसरमा भव्य कलश यात्रा

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २५ गते**



नेपालीहरूको महान् पर्व बडादसैंको पहिलो दिन घटस्थापनाको अवसरमा सिरहाको सिरहा नगरपालिका-११ भलुवाहीमा एक हजारभन्दा बढी श्रद्धालुको सहभागितामा भव्य कलश यात्रा निकालिएको छ । बाजागाजासहित निकालिएको कलश यात्राले धार्मिक तथा सांस्कृतिक उत्साह थपेको छ।

भलुवाहीस्थित दुर्गा मन्दिरको प्राङ्गणबाट सुरु भएको कलश यात्राले नगरका विभिन्न भागको परिक्रमा गरेको थियो। त्यसपछि श्रद्धालुहरू सिरहा र धनुषा जिल्लालाई जोड्ने पवित्र कमला नदीमा पुगेर कलशमा जल भरी मन्दिरमा स्थापना गरेका थिए। यात्रामा महिला, पुरुष तथा बालबालिकाको उल्लेख्य सहभागिता रहेको थियो।

यस वर्ष भलुवाहीस्थित दुर्गा मन्दिरमा करिब २० लाख रुपैयाँको लागतमा भारतबाट ल्याइएको संखमरमरको दुर्गा प्रतिमा स्थापना गरिएको छ। स्थानीय मुक्ति कामतीका कान्छा छोरा दाता राजे कामतीको सहयोगमा प्रतिमा स्थापना गरिएको हो।

दाता राजे कामतीका अनुसार आफूले माताको साक्षात्कारको अनुभूति गरेपछि मन्दिरमा संखमरमरको दुर्गा प्रतिमा स्थापना गराउने प्रतिबद्धता गत वर्ष गरेका थिए । सोही प्रतिबद्धताअनुसार भारतको जयपुरबाट दुर्गाको पूर्ण प्रतिमा सेट मगाएर मन्दिरमा स्थापना गराएको उनले बताए।

सिरहा नगरपालिका-११ का वडाध्यक्ष विनोदकुमार कामतीका अनुसार भलुवाहीमा विगत १६ वर्षदेखि माटोको प्रतिमा बनाएर दुर्गापूजा हुँदै आएको थियो । यस वर्ष १७औँ वर्षमा स्थानीय दाताको सहयोगमा संखमरमरको प्रतिमा स्थापना गरिएको उनले जानकारी दिए।

यहाँ दुर्गा र कालीलगायतका प्रतिमासँगै सात सहेली र एक भाइ गणेशलाई समेत समेटेर पूजाआजा गर्ने परम्परा रहेको वडाध्यक्ष कामतीले बताए । नयाँ प्रतिमा स्थापनाले स्थानीय धार्मिक आस्था र सांस्कृतिक

बाँकी पृष्ठ ३ ▸▸

आज बडादसैंको दोस्रो दिन

## ब्रह्मचारिणी भगवतीको पूजाआराधना गरिंदै

**अपन दैनिक संवाददाता**



**सिरहा ।** बडादसैंको दोस्रो दिन आज नवदुर्गामध्ये ब्रह्मचारिणी भगवतीको पूजाआराधना गरिँदै छ । नवरात्रका अवसरमा दुर्गा भवानीका नौ स्वरूपको पूजा गर्ने परम्पराअनुसार आज ब्रह्मचारिणी भगवतीको आराधना गरिन्छ।

धार्मिक मान्यताअनुसार कठोर तपस्या र साधनामा लीन रहने देवीको स्वरूपलाई ब्रह्मचारिणी भनिएको हो। ब्रह्मचारिणी भगवतीलाई तप, त्याग, संयम र साधनाको प्रतीकका रूपमा लिइन्छ । उनको आराधना गर्नाले मनमा शान्ति, आत्मबल र धैर्य प्राप्त हुने धार्मिक विश्वास छ।

पौराणिक मान्यताअनुसार ब्रह्मचारिणी भगवतीको दाहिने हातमा जपमाला र बायाँ हातमा कमण्डलु रहेको वर्णन गरिएको छ । तपस्यामा लीन रहने उनको स्वरूपलाई शान्त, तेजस्वी र साधनामय रूपमा चित्रण गरिन्छ।

घटस्थापनासँगै सुरु हुने नवरात्रमा नौ दिनसम्म दुर्गाका नौ स्वरूपको क्रमशः पूजा गर्ने चलन छ। नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा गरिन्छ।

नवरात्रका अवसरमा सिरहाको माडर, सिरहा सदरमुकाम, सारस्वर,

बाँकी पृष्ठ ४ ▸▸

## सप्तरीका खोलाबाट अवैध उत्खनन् र तस्करी, ५ टिपर-ट्र्याक्टर वनको नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**सप्तरी, असोज २५ गते**



सप्तरीस्थित विभिन्न खोलाहरुबाट अवैधरुपमा बालुवा र गिट्टीको उत्खनन् भइरहेको खुलेको छ । जिल्लाको सप्तकोशी नगरपालिका-५ स्थित गंगाजली र अमाह खोलाबाट अवैधरुपमा बालुवा र गिट्टीको उत्खनन् भइरहेको हो।

गंगाजली खोलाबाट त नम्बर प्लेटसमेत स्पष्ट नरहेको ट्र्याक्टरबाट दिउँसै बालुवा उत्खनन् गरिरहेको पाइएको छ। संघीयतापछि नदीजन्य सामग्री उत्खनन् र निकासीको क्षेत्राधिकार स्थानीय सरकारमा सरेको छ । तर, स्थानीय सरकारसहितका सरोकारवालाकै मिलेमतोमै नदीजन्य सामग्रीको अवैध उत्खनन् र तस्करी बढेको स्थानीयको भनाई छ । 'अहिले हाम्रो नगरपालिकामा रहेको गंगाजली र अमाह खोलाको ठेक्कासमेत लागेको छैन', गंगाजलीका एक स्थानीयले भने, 'तर, रातिको समयमा दैनिक खोलाबाट बालुवा निकाल्ने काम भइरहेको छ, कहिलेकाँही त दिउँसो नै बालुवा निकाल्ने काम पनि हुँदै आएको छ।'

सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद ढकालले अहिले आफ्नो पालिकाभित्र रहेको गंगाजली र अमाहमध्ये कुनै खोलाको ठेक्का नलागेको जानकारी दिए । 'हाम्रो अघिल्लो ठेक्का असारमा सकिसकेको छ', नगरप्रमुख ढकालले भने, 'नयाँ ठेक्काकालागि आवश्यक प्रक्रिया अगाडि बढाएका छौं, जिल्ला समन्वय समितिलाई अनुगमन गरिदिन पत्राचार गरिसकेको छु।'

अहिले भईरहेको बालुवा-गिट्टीको अवैद्य उत्खनन्-तस्करी किन रोक्न नसकेको सम्बन्धमा नगरप्रमुख ढकालले भने, 'नगरपालिकाले सकेजति रोक्न प्रयास गरिरहेकै छ, राजश्व जोगाउनु हाम्रो कर्तब्य नै हो, अरु सरोकारवारलाको पनि यसतर्फ ध्यान पुग्नुपर्छ, हाम्रो ठेक्का लागेपछि चोरी तस्करी पनि नियन्त्रणमा आउनेछ।'

गंगाजली खोलाबाट डिभिजन वन कार्यालय मातहत रहेको सब-डिभिजन वन कार्यालय कञ्चनपुरको गस्ती टोलीले बालुवा उत्खनन् गरिरहेकै अवस्थाबाट चार वटा ट्र्याक्टरलाई शनिबार साँझ नियन्त्रणमा लिएको छ भने एउट टिपर फत्तेपुर-कञ्चनपुर

बाँकी पृष्ठ ४ ▸▸

## चार महिनादेखि औरहीको एम्बुलेन्स सञ्चालनविहीन

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २५ गते**




सिरहाको औरही गाउँपालिकाअन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र औरहीको एम्बुलेन्स चार महिनादेखि सञ्चालनविहीन छ । पछाडिको चक्का पञ्चर भएपछि मर्मत नगरिँदा एम्बुलेन्स थन्किएको हो। अत्यावश्यक स्वास्थ्य सेवाका लागि प्रयोग हुनुपर्ने एम्बुलेन्स लामो समयसम्म सञ्चालनमा नआउँदा स्थानीयवासी प्रभावित भएका छन्।

एम्बुलेन्स सेवा बन्द हुँदा आकस्मिक बिरामीलाई अस्पताल पुर्‍याउन समस्या भइरहेको स्थानीयवासीले बताएका छन्। बिरामीलाई तत्काल अस्पताल लैजानुपर्ने अवस्थामा एम्बुलेन्स उपलब्ध नहुँदा आफैं वैकल्पिक यातायातको व्यवस्था गर्नुपर्ने बाध्यता रहेको उनीहरूको भनाइ छ।

सामान्य मर्मतको अभावमा एम्बुलेन्स चार महिनासम्म थन्किनुले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन र जिम्मेवारीमाथि प्रश्न उठाएको छ। एम्बुलेन्सको पछाडिको चक्का पञ्चर भएको अवस्थामा समेत मर्मत गरी सञ्चालनमा ल्याउन ढिलाइ हुनुको कारण सार्वजनिक भएको छैन।

बाँकी पृष्ठ २ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सिरहा नगरपालिकाको तीन दशक र दिगो विकास !

सिरहा नगरपालिका स्थापनाको तीन दशक पूरा भएको छ । २०५३ सालमा सिरहा नगरपालिका घोषणा गरिएको थियो । स्थानीय सरकारको संस्थागत विकास, सहरी पूर्वाधार निर्माण र नागरिकको जीवनस्तर सुधारका दृष्टिले तीन दशक लामो समय हो । तर, यति लामो समय बितिसक्दा पनि सिरहा नगरपालिकाले दिगो, व्यवस्थित र योजनाबद्ध सहरी विकासको स्पष्ट खाका तयार गर्न नसक्नु गम्भीर प्रश्न बनेको छ । नगरको विकासले जुन गति र दिशा लिनुपर्ने थियो, त्यसअनुसार उपलब्धि हासिल हुन सकेको छैन् । विशेषगरी वर्षायाममा हुने डुबान, घरघरबाट निस्कने फोहोर पानीको उचित निकासको अभाव र अव्यवस्थित बस्ती विस्तारले नगरपालिकाको विकाससम्बन्धी कमजोरीलाई उजागर गरिरहेका छन् । तीन दशकको अवधिमा सिरहा नगरपालिकाले अनेकौं नेतृत्व पाएको छ । निर्वाचित जनप्रतिनिधिहरूले नगरको नेतृत्व गरेका छन् भने विभिन्न समयमा कर्मचारीतन्त्रले पनि प्रशासनिक नेतृत्व र निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । तर, नेतृत्व परिवर्तन भइरहँदा पनि नगरको दीर्घकालीन विकासको आधार बन्नुपर्ने एकीकृत र दिगो गुरुयोजना किन तयार हुन सकेन् ? यो प्रश्न कुनै एक व्यक्ति वा कार्यकालसँग मात्र सम्बन्धित छैन् । यो समग्र नेतृत्व, प्रशासनिक क्षमता, राजनीतिक इच्छाशक्ति र संस्थागत जवाफदेहितासँग जोडिएको प्रश्न हो ।

सिरहा नगरपालिकाको प्रमुख समस्यामध्ये डुबान एक हो । सामान्य वर्षा हुँदा पनि विभिन्न बस्ती र सडकमा पानी जम्ने समस्या देखिनु सहरी व्यवस्थापनको कमजोर अवस्थाको संकेत हो । घरघरबाट निस्कने फोहोर पानीको उचित निकास नहुँदा नागरिकले दैनिक असुविधा भोग्नुपरेको छ । पानी जम्ने समस्या वर्षायामको अस्थायी समस्या होइन । यो सडक निर्माण, नाला व्यवस्थापन, भू-उपयोग, बस्ती विस्तार र समग्र सहरी योजनासँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । नाला बनाउनु मात्र समस्याको समाधान होइन । नालाको उचित ढलान, पर्याप्त क्षमता, आपसी जडान, पानीको अन्तिम निकासस्थल र नियमित सरसफाइ सुनिश्चित नगरी गरिने निर्माणले अपेक्षित परिणाम दिन सक्दैन् । कतिपय अवस्थामा सडक निर्माण हुन्छ, तर पानी निकासको व्यवस्था हुँदैन् । कतै नाला बनाइन्छ, तर त्यसको पानी कहाँ र कसरी निकास हुने भन्ने स्पष्ट योजना हुँदैन् । यस्तो विकासले नागरिकको समस्या समाधान गर्नुको सट्टा सार्वजनिक स्रोतको प्रभावकारितामाथि प्रश्न उठाउँछ । त्यसैले सिरहा नगरपालिकाले डुबानको समस्यालाई टुक्रे योजनाबाट होइन, सम्पूर्ण नगरको भौगोलिक बनावट, प्राकृतिक पानीको बहाव, बस्तीको अवस्था र निकास प्रणालीको अध्ययनका आधारमा समाधान गर्नुपर्छ ।

सिरहा नगरपालिकाको विकासको मूल प्रश्न नै दीर्घकालीन गुरुयोजनाको अभाव हो । नगरपालिकाका २२ वटै वडाको आवश्यकता, सम्भावना र समस्यालाई समेट्ने एकीकृत सहरी विकास योजना तयार गर्न नसक्नु सामान्य कमजोरी होइन । यसले विगतका नेतृत्वहरूले नगरको भविष्यलाई कति गम्भीरतापूर्वक लिए भन्ने विषयमा प्रश्न खडा गर्छ । गुरुयोजना भनेको सडक, नाला, भवन र अन्य भौतिक संरचना निर्माण गर्ने योजनाको सूची मात्र होइन । यो नगरको आगामी २० देखि ३० वर्षको विकासलाई दिशा दिने दस्तावेज हो । यसमा बस्ती विकास, सडक सञ्जाल, वर्षात्को पानी निकास, ढल व्यवस्थापन, खानेपानी, सरसफाइ, खुला क्षेत्र, सार्वजनिक जग्गा संरक्षण, बजार व्यवस्थापन, वातावरणीय संरक्षण र विपद् जोखिम न्यूनीकरणजस्ता विषय समेटिनुपर्छ । कुन क्षेत्रमा कस्तो विकास गर्ने, कहाँ बस्ती विस्तार गर्ने, कुन पूर्वाधारलाई प्राथमिकता दिने र त्यसका लागि स्रोत कसरी जुटाउने भन्ने स्पष्ट आधार गुरुयोजनाले दिन्छ । यस्तो योजना नहुँदा विकासका निर्णयहरू तत्कालीन आवश्यकता, राजनीतिक प्राथमिकता वा उपलब्ध बजेटका आधारमा गरिने जोखिम रहन्छ । एउटा कार्यकालमा बनाइएको सडक अर्को कार्यकालमा फेरि खन्नुपर्ने, नालाको संरचना आपसमा नमिल्ने र एउटा वडाको विकास अर्को वडाको समस्यासँग जोडिन नसक्ने अवस्था सिर्जना हुन सक्छ । तीन दशकसम्म यस्तो अवस्था कायम रहनुमा के कस्ता राजनीतिक, प्रशासनिक, प्राविधिक र आर्थिक कारण जिम्मेवार रहे, त्यसको निष्पक्ष समीक्षा हुनुपर्छ । गुरुयोजना बनाउन नसक्नुको कारण स्पष्ट नगरी भविष्यको विकासलाई व्यवस्थित बनाउने आधार तयार हुन सक्दैन् । विगतकै कमजोरी दोहोऱ्याउने कि योजनाबद्ध विकासको नयाँ अध्याय सुरु गर्ने भन्ने निर्णयमा निर्भर छ । गुरुयोजनाबिनाको विकास दिगो हुँदैन् र जवाफदेहिताबिनाको नेतृत्वले नगरको भविष्य सुरक्षित गर्न सक्दैन् । सिरहा नगरपालिकाले अब यही यथार्थलाई आत्मसात् गर्दै २२ वटै वडाको व्यवस्थित, समावेशी र दिगो विकासका लागि ठोस पहल गर्नुपर्छ ।

# हामीलाई यस्तो मेयर चाहियो, जसले सिरहाको मुहार फेरोस् !




सिरहा राम्रो बनोस् भन्ने चाहना यहाँको भविष्यसँग जोडिएका हरेक नागरिकको हुन सक्छ । हाम्रो चाहना दैनिक जीवनसँग सम्बन्धित छ घरमा सुरक्षित खानेपानी उपलब्ध होस्, वर्षाको पानीको निकास व्यवस्थित होस्, बालबालिकाले राम्रो शिक्षा पाऊन् र बिरामी हुँदा भरपर्दो स्वास्थ्य सेवा भेटियोस् । किसानले आफ्नो उत्पादनको उचित बजार पाऊन्, युवाले काम गर्ने अवसर भेटून् र नगरपालिकामा सामान्य सेवा लिन जाँदा सम्मानजनक व्यवहार होस् । हामीले खोजेको मेयर यिनै अपेक्षालाई योजना, बजेट र कामको परिणामसँग जोड्न सक्ने हुनुपर्छ ।

सिरहा नगरपालिकाको आधिकारिक परिचयअनुसार यो जिल्ला सदरमुकाम रहेको, तराई क्षेत्रमा पर्ने २२ वडा भएको नगरपालिका हो । यस्तो नगरको विकास योजना बनाउँदा मुख्य बजार, आवासीय क्षेत्र, खेतीयोग्य भूभाग र विभिन्न बस्तीका फरक आवश्यकता बुझ्नुपर्छ । एउटा ठाउँमा सडक र बजार व्यवस्थापन प्राथमिक हुन सक्छ भने अर्को ठाउँमा खानेपानी, सिँचाइ वा विद्यालयसम्मको पहुँच बढी आवश्यक हुन सक्छ । सबै नागरिकको जीवन सहज बनाउने लक्ष्यभित्र यी भिन्नतालाई ठाउँ दिनुपर्छ ।

राम्रो मेयरको पहिलो गुण आफ्नो नगरलाई ध्यानपूर्वक बुझ्ने क्षमता हो । कुन वडामा कुन सेवा सहज छ, कहाँ अवरोध छ र नागरिकको सबैभन्दा धेरै समय तथा पैसा कुन समस्याले खर्च गराइरहेको छ भन्ने जानकारी चाहिन्छ । त्यसका लागि बस्तीस्तरमा संवाद, सेवा सम्बन्धी अभिलेख र प्राविधिक अध्ययनलाई जोड्नुपर्छ । कार्यक्रममा बोल्न सक्ने व्यक्तिको आवाजसँगै कार्यालयसम्म आउन नसक्ने वृद्धवृद्धा, दैनिक ज्यालामा काम गर्ने श्रमिक र पहुँच कमजोर भएका परिवारको अनुभव पनि सुन्नुपर्छ ।

यसका लागि उपलब्ध विवरणबाट काम सुरु गर्न सकिन्छ । सिरहा नगरपालिकाले शिक्षा योजना, खाद्य सुरक्षा तथा पोषण योजना र वडागत खाद्य तथा पोषण सुरक्षा प्रोफाइल प्रकाशित गरेको छ । यी सामग्रीको वर्तमान अवस्थासँग तुलना गरेर आवश्यक विवरण अद्यावधिक गर्न सकिन्छ । त्यसपछि प्रत्येक वडाका तत्काल समाधान गर्नुपर्ने समस्या, दीर्घकालीन आयोजना र नियमित सेवा सुधारका काम छुट्याउनुपर्छ । यसरी तयार भएको प्राथमिकताको सूची नागरिकले पनि हेर्न र प्रतिक्रिया दिन पाउनुपर्छ ।

सबै वडाले न्यायोचित अवसर पाउने बजेट व्यवस्था आवश्यक छ । रकम बाँड्दा जनसङ्ख्या, सेवाको अवस्था, जोखिम, विपन्नता र आयोजना सम्पन्न गर्ने तयारी विचार गर्नुपर्छ । समान रकम बाँडेकै आधारमा सबै ठाउँमा समान अवसर पुग्छ भन्ने हुँदैन । आधारभूत सेवा कम पुगेको बस्तीलाई थप ध्यान आवश्यक हुन सक्छ । कुन वडाले किन कति बजेट पायो भन्ने कारण खुलाउँदा नागरिकले निर्णयको आधार बुझ्न सक्छन् । राजनीतिक निकटता वा व्यक्तिगत पहुँचले योजना छनोटमा प्रभाव पार्न नपाउने व्यवस्था बनाउनुपर्छ ।

सिरहाको सडक विकासमा पानी निकासलाई सुरुदेखि जोड्नुपर्छ । नयाँ सडक वा नाला बनाउने प्रस्ताव आउँदा पानी कहाँबाट आउँछ, कुन दिशामा बग्छ र अन्ततः कहाँ पुग्छ भन्ने प्राविधिक अध्ययन आवश्यक हुन्छ । एउटा टोलको पानी अर्को बस्तीमा थुप्रिने गरी संरचना बनाउनु उचित हुँदैन । नालाको नियमित सफाइ, अवरोध हटाउने प्रक्रिया र वर्षायामअघि निरीक्षण गर्ने जिम्मेवारी स्पष्ट हुनुपर्छ । नागरिकले पानी जमेको स्थानको जानकारी दिन सक्ने र सम्बन्धित शाखाले त्यसको अभिलेख राख्ने व्यवस्था उपयोगी हुन्छ ।

सडकको गुणस्तरसँगै त्यसमा हिँड्ने मानिसको सुरक्षा पनि महत्त्वपूर्ण छ । विद्यालय, स्वास्थ्य संस्था र बजार आसपास पैदलयात्रीका लागि सुरक्षित बाटो, आवश्यक सडकबत्ती र सवारी व्यवस्थापनमा ध्यान दिनुपर्छ । निर्माणअघि खानेपानी तथा अन्य पूर्वाधारसँग समन्वय गर्दा एउटै सडक पटकपटक खन्नुपर्ने अवस्था कम गर्न सकिन्छ । आयोजना सम्पन्न भएपछि प्राविधिक गुणस्तर जाँच, त्रुटि सच्याउने जिम्मेवारी र मर्मतसम्भारको व्यवस्था स्पष्ट हुनुपर्छ । नगरपालिकाको जिम्मेवारी उद्घाटनपछि पनि जारी रहन्छ ।

खानेपानीमा नियमित उपलब्धता र गुणस्तरलाई सँगै हेर्नुपर्छ । सार्वजनिक तथा सामुदायिक खानेपानीका स्रोतको अवस्था पहिचान गरेर आवश्यक परीक्षण, मर्मत र संरक्षणको योजना बनाउन सकिन्छ । पानीको गुणस्तरसम्बन्धी जानकारी नागरिकले बुझ्ने गरी उपलब्ध गराउनुपर्छ । विद्यालय, स्वास्थ्य संस्था र बजारका सार्वजनिक सुविधामा पानीको व्यवस्था विशेष ध्यानको विषय हुनुपर्छ । आयोजना सुरु गर्दा निर्माण खर्चसँगै सञ्चालन, विद्युत्, कर्मचारी र भविष्यको मर्मत खर्च कसरी धान्ने भन्ने टुङ्गो लगाउनुपर्छ ।

सरसफाइमा प्रत्येक बस्ती र बजारका लागि व्यवहारमा लागू गर्न सकिने सेवा आवश्यक छ । कुन दिन, कुन समयमा र कस्तो फोहोर सङ्कलन हुन्छ भन्ने निश्चित तालिका दिनुपर्छ । घरमै फोहोर छुट्ट्याउन आग्रह गर्दा छुट्ट्याइएको फोहोरलाई अलग सङ्कलन र व्यवस्थापन गर्ने तयारी पनि हुनुपर्छ । कुहिने फोहोरबाट मल बनाउने वा पुनःप्रयोगयोग्य सामग्री सङ्कलन गर्ने काम स्थानीय सम्भाव्यता हेरेर अघि बढाउन सकिन्छ । अन्तिम व्यवस्थापनस्थलको वातावरणीय प्रभाव, छिमेकी समुदायको हित र सफाइ कर्मचारीको सुरक्षालाई ध्यान दिनुपर्छ ।

कृषि र किसानलाई सिरहाको विकास योजनामा स्पष्ट स्थान दिनुपर्छ । खेती गरिरहेका परिवारसँग छलफल गरेर सिँचाइ, प्राविधिक परामर्श, उत्पादन लागत र बजार पहुँचका मुख्य अवरोध पहिचान गर्न सकिन्छ । सिँचाइसम्बन्धी प्रस्तावमा पानीको स्रोत, उपलब्धता, ऊर्जा खर्च र सञ्चालन जिम्मेवारीको अध्ययन आवश्यक हुन्छ । उपकरण वा अनुदान वितरण गर्दा लाभग्राही छनोटको मापदण्ड खुला हुनुपर्छ । साना किसान र पहुँच कमजोर भएका परिवारले पनि आवेदन दिन र प्रक्रिया बुझ्न सक्ने व्यवस्था चाहिन्छ ।

कृषि उत्पादनको बजारसँग सम्बन्ध बलियो बनाउनु अर्को काम हो । किसान समूह, व्यापारी र स्थानीय व्यवसायबीच समन्वय गरेर सङ्कलन तथा बिक्रीको व्यवस्था सुधार गर्न सकिन्छ । भण्डारण वा चिस्यान केन्द्र निर्माण गर्नुअघि त्यस क्षेत्रमा कति उत्पादन हुन्छ, कसले प्रयोग गर्छ र नियमित खर्च कसरी जुट्छ भन्ने अध्ययन गर्नुपर्छ । साझा उपकरणका लागि बुकिङ, शुल्क र मर्मतको स्पष्ट प्रणाली आवश्यक हुन्छ । किसानको आम्दानी र बजारसम्म पुग्ने सहजतामा आएको परिवर्तनबाट कृषि कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्नुपर्छ ।

सिरहाको भविष्यका लागि सामुदायिक विद्यालयको गुणस्तरमा लगानी आवश्यक छ । प्रत्येक विद्यालयमा विद्यार्थीको उपस्थिति, शिक्षकको उपलब्धता, सिकाइको अवस्था र भौतिक सुरक्षाको समीक्षा गर्न सकिन्छ । पढाइमा पछाडि परेका बालबालिकाका लागि अतिरिक्त सहयोग र विद्यालय छाड्ने जोखिममा रहेका विद्यार्थीका परिवारसँग संवाद आवश्यक हुन्छ । विद्यालयमा स्वच्छ पानी, प्रयोगयोग्य शौचालय र पहुँचयोग्य संरचना हुनुपर्छ । शिक्षकलाई आवश्यक तालिम तथा सहयोग दिँदै विद्यालय व्यवस्थापन र अभिभावकसँग मिलेर सुधारको जिम्मेवारी बाँड्नुपर्छ ।

बालिका र अवसरबाट पछाडि परेका बालबालिकाले पढाइ निरन्तरता दिन सकून् भन्नेमा विशेष ध्यान दिनुपर्छ । कुनै विद्यार्थी विद्यालय नआउनुको कारण आर्थिक कठिनाइ, दूरी, घरको जिम्मेवारी वा विद्यालयको वातावरणमध्ये के हो भन्ने बुझेर सहयोग तय गर्नुपर्छ । छात्रवृत्ति र शैक्षिक सहयोग वितरणको प्रक्रिया पारदर्शी हुनुपर्छ, तर बालबालिकाको व्यक्तिगत अवस्था र गोपनीयताको सम्मान पनि हुनुपर्छ । पुस्तकालय, खेलकुद र सिर्जनात्मक गतिविधिले

बाँकी पृष्ठ ३ ▶▶

### चार महिनादेखि औरहीको एम्बुलेन्स ............

नागरिकको स्वास्थ्य सेवासँग प्रत्यक्ष जोडिएको एम्बुलेन्स सञ्चालनमा ल्याउन गाउँपालिकाले किन पहल गरेन भन्ने प्रश्न उठेको छ । एम्बुलेन्स मर्मतका लागि बजेट वा प्राविधिक समस्या छ कि छैन भन्नेबारे पनि गाउँपालिकाले स्पष्ट पारेको छैन ।

आकस्मिक बिरामीको उपचारमा ढिलाइ हुन सक्ने संवेदनशील विषयमा सम्बन्धित निकायको बेवास्ता वा व्यवस्थापकीय कमजोरी भए त्यसको जवाफदेहिता आवश्यक छ । चार महिनादेखि अवरुद्ध एम्बुलेन्स सेवा कहिलेदेखि सञ्चालनमा आउँछ भन्नेबारे स्थानीयवासीले स्पष्ट जवाफ पाउन सकेका छैनन् ।

## आजको राशिफल

**मेष :** दिन राम्रो छ । परिवार र साथीले सहयोग गर्नेछन् । शिक्षाको क्षेत्रमा गरेको लगानीबाट सन्तुष्टि मिल्ने छ ।

**बृष :** बोल्दा विवेक प्रयोग गर्नुपर्ने दिन छ । उपचारकोक्रममा भए स्वास्थ्यमा सुधार हुनेछ ।

**मिथुन :** दिन राम्रो छ । शिक्षाको क्षेत्रमा प्रगति हुनेछ । परिवारसँगको सम्बन्ध सुमधुर बन्ने योग छ ।

**कर्कट :** मन शान्त बन्नेछ । सहकर्मीसँग मिलेर गरेको व्यापारबाट फाइदा हुनेछ । परिवारसँग रमाइलो गर्ने अवसर प्राप्त हुनेछ ।

**सिंह :** दिन राम्रो छ । शिक्षाको क्षेत्रमा श्रम गर्नुपर्नेछ । परिवारसँगको घुमघामको अवसरले मन शान्त बन्नेछ ।

**कन्या :** पठनपाठनमा रुची बढ्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । श्रमको मूल्य प्राप्त हुनेछ ।

**तुला :** बौद्धिक व्यक्तिसँगको भेटले मन शान्त बन्नेछ । कृषि क्षेत्रमा गरेको व्यापारबाट फाइदा हुनेछ ।

**वृश्चिक :** बिहान उठेर गणेशको भजन सुन्न सकेमा दैनिक काम सहजै बन्नेछन् । प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ ।

**धनु :** आज यात्रा तय हुनेछ । प्रेम सम्बन्ध सुमधुर बन्दा मन शान्त बन्ने योग छ । परीक्षा लेखेको भए नतिजा राम्रो आउने छ ।

**मकर :** आज तपाईंले सोचेका काम बन्नेछन् । राजनीतिक क्षेत्रमा भने उतारचढाव बढ्ने छ ।

**कुम्भ :** सोचेको काम बन्नेछ । शिक्षाको क्षेत्रमा गरेको मेहनतको फल प्राप्त हुनेछ । पारिवारिक मेलमिलाप हुनेछ ।

**मीन :** धार्मिक कार्यमा सहभागी भएमा मन शान्त बन्नेछ । काम गर्नु अगाडि सल्लाह गर्नु पर्ने समय छ ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# जनकपुरधाममा दसैंको रौनक, शक्तिपीठमा पूजाआजाको तयारी

अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज २५ गते



बडादसैँका अवसरमा मधेश प्रदेशको राजधानी जनकपुरधाम झकिझकाउ पारिएको छ । बडा दसैंलाई भव्य, सभ्य र व्यवस्थित रूपमा मनाउन यहाँका प्रमुख शक्तिपीठ तथा देवी मन्दिरमा पूजाआजा र दर्शनको व्यवस्थापनसहित सहर सजाउने काम पूरा भएको छ ।

जनकपुरधामका सडकमा स्वागतद्वार निर्माण गरिएका छन् भने सडक चोकलाई आकर्षक रूपमा सजाइएको छ। बडादसैँका अवसरमा श्रद्धालु भक्तजनको सहज आवागमन तथा पूजाआजालाई व्यवस्थित बनाउन विभिन्न तयारी गरिएको छ।

जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरसहित अन्नपूर्णा मन्दिर, बौद्धिमाई मन्दिर, कपिलेश्वरस्थित जेठी राजदेवी मन्दिर, बूढियामाई स्थान, पीडरियामाई स्थान, पल्टिमाई तथा वैष्णवी देवी मन्दिरलगायत शक्तिपीठमा पूजाआजा र दर्शनको व्यवस्थापन मिलाइएको श्रीराम युवाक्लब जनकपुरधामका अध्यक्ष विजयकुमार साहले जानकारी दिए।

राजदेवी मन्दिरको व्यवस्थापन महावीर युवा कमिटीले गर्दै आएको छ भने अन्नपूर्णा र बौद्धिमाई मन्दिरको व्यवस्थापन राम युवा कमिटीले गरिरहेको छ । त्यस्तै, कपिलेश्वर क्षेत्रको जेठी राजदेवी मन्दिर, महारानीमाईलगायत शक्तिपीठको व्यवस्थापन हरिदनाथ युवा कमिटी तथा सम्बन्धित समितिले गर्दै आएका छन् ।

बडादशैँका अवसरमा जनकपुरधामका शक्तिपीठमा पूजाआजा तथा दर्शनका लागि नेपालका विभिन्न जिल्ला र सीमावर्ती भारतीय क्षेत्रबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजन आउने गरेका छन् । विशेषगरी राजदेवी मन्दिरमा दर्शनार्थीको चाप बढ्ने भएकाले भक्तजनलाई सहज रूपमा पूजाआजा र दर्शन गर्ने वातावरण मिलाउन आवश्यक तयारी गरिएको अध्यक्ष साहले बताए ।

महावीर युवा कमिटीका अध्यक्ष दीपककुमार साहले सम्भावित भीडलाई ध्यानमा राख्दै मन्दिर परिसरको व्यवस्थापन, दर्शन तथा पूजाआजालाई सहज बनाउने र धार्मिक कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने तयारी पूरा गरिएको बताए ।

उनले बडादसैँका अवसरमा मिथिलाको मौलिक कला, संस्कृति र लोकपरम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरिने जानकारी दिए । उनका अनुसार दसैं अवधिमा मिथिलाको विशिष्ट लोकनृत्य झिझिया, भजनसन्ध्या तथा रावण दहनलगायत कार्यक्रम सञ्चालन गरिनेछ।

धार्मिक आस्था, सांस्कृतिक उत्सव र सामाजिक सद्भावको

बाँकी पृष्ठ ४ ▸▸

## भलुवाहीमा घटस्थापनाको अवसरमा भव्य कलश ..............

परम्परालाई थप निरन्तरता दिएको उनको भनाइ छ।

नवदुर्गा मेला समितिका अध्यक्ष फूले कामतीका अनुसार घटस्थापनामा कलश स्थापना गरी बिहान र साँझ शक्तिस्वरूपा दुर्गाको पूजा-आराधना गरिनेछ । दसैं अवधिभर मन्दिरमा विशेष पूजापाठ तथा धार्मिक गतिविधि सञ्चालन गरिने उनले बताए ।

सिरहाको माडर, सारस्वर, सिरहा सदरमुकाम, नरहैया, हरिनगरा, कल्याणपुर, मिर्चैया, गोलबजार र लहानलगायतका स्थानमा पनि घटस्थापनाका अवसरमा कलश यात्रा निकालिएको छ । दसैं सुरु भएसँगै जिल्लाका विभिन्न दुर्गा मन्दिर तथा शक्तिपीठमा धार्मिक चहलपहल बढेको छ।

भलुवाहीमा दसैंको अवसरमा दुर्गापूजा तथा मेला आयोजना हुँदै आएको छ। मेलामा पूजापाठका साथै नाचगान, सांस्कृतिक कार्यक्रम झिझिया र विभिन्न कलाकारका प्रस्तुतिसमेत रहने आयोजकले जनाएको छ।







## हामीलाई यस्तो मेयर चाहियो, जसले सिरहाको ..............

विद्यालयप्रतिको रुचि बढाउने वातावरण बनाउन सक्छन्।

स्वास्थ्य सेवामा पनि नागरिकले अनुभव गर्ने भरोसा मुख्य विषय हुनुपर्छ। नगरपालिकाको जिम्मेवारीमा पर्ने स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको उपस्थिति, आवश्यक सामग्री, औषधिको व्यवस्थापन र सेवाको समय स्पष्ट हुनुपर्छ। गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको पहुँचलाई ध्यान दिनुपर्छ। थप उपचार चाहिने अवस्थामा सम्बन्धित अस्पताल र निकायसँग बिरामी पठाउने तथा समन्वय गर्ने व्यवस्था आवश्यक हुन्छ । आफ्नो अधिकारक्षेत्रभन्दा बाहिरका सेवामा मेयरले सम्बन्धित सरकार र संस्थासँग काम अघि बढाउनुपर्छ।

स्वास्थ्यसँगै खाद्य सुरक्षा र पोषणलाई नियमित कार्यक्रममा जोड्न सकिन्छ । नगरपालिकाका प्रकाशित विवरण अद्यावधिक गरेर सहयोग आवश्यक भएका परिवारसम्म सेवा कसरी पुर्‍याउने भन्ने योजना बनाउनुपर्छ। स्वास्थ्यकर्मी, विद्यालय र समुदायबीच समन्वय गरेर उपलब्ध सेवाबारे जानकारी पुर्‍याउन सकिन्छ। कुनै कार्यक्रमको सफलता मापन गर्दा सामग्री वितरण वा सहभागीको सङ्ख्यासँगै सेवाको पहुँच र निरन्तरतामा सुधार भयो कि भएन भन्ने हेर्नुपर्छ।

युवाका लागि रोजगारीको योजना स्थानीय व्यवसाय र बजारको माग बुझेर बनाउनुपर्छ। निर्माण, कृषि सेवा, मर्मतसम्भार, सूचना प्रविधि वा अन्य क्षेत्रमा कुन सीपको माग छ भन्ने अध्ययनपछि तालिम छनोट गर्न सकिन्छ। तालिमसँगै काम सिक्ने अवसर र सम्भावित रोजगारदातासँग सम्पर्कको व्यवस्था भए उपयोगिता बढ्छ । साना व्यवसाय सुरु गर्न चाहने युवालाई दर्ता प्रक्रिया, आवश्यक अनुमति र व्यवसाय सञ्चालनसम्बन्धी जानकारी दिन सकिन्छ। वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको सीप र अनुभवलाई पनि स्थानीय अवसरसँग जोड्नुपर्छ।

सिरहाको सांस्कृतिक पहिचान विकासको अर्को आधार बन्न सक्छ। नगरपालिकाको वेबसाइटमा उल्लेख भएका सलहेश मन्दिर र वडा नम्बर १२ को सारस्वरनाथ धामजस्ता स्थलको संरक्षण तथा आसपासको सुविधा सुधारमा स्थानीय समुदायसँग काम गर्न सकिन्छ। सरसफाइ, सार्वजनिक शौचालय, सहज पहुँच, जानकारी दिने संकेत र सुरक्षित आवागमनले आगन्तुक तथा स्थानीय दुवैलाई सुविधा दिन्छन् । धार्मिक स्थल, पोखरी र सार्वजनिक स्थानको मौलिक स्वरूप जोगाउँदै स्थानीय उत्पादन तथा व्यवसायसँग अवसर जोड्नुपर्छ।

नगरको भविष्य सोच्दा गर्मी, वर्षा र अन्य विपद्का लागि तयारी पनि आवश्यक छ। सार्वजनिक ठाउँमा छायाँ, पिउने पानी र विश्रामको सुविधा विस्तार गर्न सकिन्छ। वृक्षरोपणमा स्थानीय अवस्थासँग मिल्ने प्रजाति, उपलब्ध ठाउँ र हुर्काउने जिम्मेवारी स्पष्ट हुनुपर्छ। पानी निकासका मार्ग, खुला क्षेत्र र पोखरीजस्ता स्रोतको संरक्षणलाई नगर योजनासँग जोड्नुपर्छ। विपद्को अवस्थामा सम्पर्क गर्ने निकाय, सुरक्षित स्थान र बढी सहयोग चाहिने नागरिकसम्म पुग्ने व्यवस्था पहिले नै तयार हुनुपर्छ।

नगरपालिकाको सेवा नागरिकको समय र सम्मानसँग जोडिएको विषय हो। कुन कामका लागि कुन कागजात चाहिन्छ, शुल्क कति लाग्छ र सामान्य अवस्थामा कति समय लाग्छ भन्ने जानकारी स्पष्ट हुनुपर्छ। एउटै कामका लागि नागरिकलाई अनावश्यक रूपमा धेरै शाखा धाउन नपर्ने गरी प्रक्रिया मिलाउनुपर्छ । अनलाइन सेवासँगै सहायता कक्ष र आवश्यक अवस्थामा पहुँच सहज बनाउने उपाय चाहिन्छ। मैथिलीलगायत नागरिकले सहजै बुझ्ने भाषामा सूचना तथा सहायता उपलब्ध गराउने प्रयासले सेवा बुझ्न मद्दत गर्न सक्छ।

गुनासो सुन्ने र समाधानको जानकारी दिने व्यवस्था पनि प्रभावकारी हुनुपर्छ। सिरहा नगरपालिकाको वेबसाइटमा सुझाव तथा गुनासो दिने माध्यम उपलब्ध छ । त्यसलाई कार्यालय र वडा तहको व्यवस्थासँग जोडेर गुनासो दर्ता नम्बर, जिम्मेवार शाखा र जवाफ दिने समयको जानकारी दिन सकिन्छ। अनलाइन माध्यम चलाउन नसक्ने नागरिकका लागि प्रत्यक्ष वा फोनमार्फत गुनासो राख्ने सुविधा पनि उपयोगी हुन्छ। समाधान हुन नसक्ने विषयमा कारण र अगाडिको प्रक्रिया बताउनुपर्छ।

सार्वजनिक बजेटप्रति विश्वास बनाउन खर्च र परिणाम दुवै देखिनुपर्छ । कुन योजनामा कति रकम छुट्याइयो, काम कसले गर्दै छ, कहिलेसम्म सकिनुपर्छ र हालको प्रगति कति छ भन्ने मुख्य विवरण सरल भाषामा सार्वजनिक गर्नुपर्छ । वेबसाइटसँगै वडा कार्यालयको सूचना पाटी र सार्वजनिक छलफल उपयोगी माध्यम हुन सक्छन् । आयोजना ढिलो भए कारण, सुधारको कदम र संशोधित समयसीमा खुलाउनुपर्छ। अनुगमनमा देखिएका कमजोरी सुधार भए कि भएनन् भन्ने विवरण पनि सार्वजनिक गर्न सकिन्छ।

बजेट बनाउँदा नयाँ आयोजना, नियमित सेवा र पुराना संरचनाको मर्मतबीच सन्तुलन चाहिन्छ । विद्यालय, स्वास्थ्य संस्था, सडक, नाला वा सार्वजनिक शौचालय सञ्चालनमा राख्न लाग्ने खर्च सुरुमै विचार गर्नुपर्छ । नगरको आम्दानी र उपलब्ध स्रोतले धान्न सक्ने कामलाई प्राथमिकता दिनुपर्छ। ठूला आयोजनामा प्रदेश, सङ्घ वा अन्य सम्बन्धित निकायको सहभागिता आवश्यक भए तयारी, समन्वय र जिम्मेवारीको बाँडफाँट स्पष्ट हुनुपर्छ। बाहिरी सहयोगको अपेक्षामा गरिएको घोषणा र सुनिश्चित स्रोत भएको आयोजनाबीचको अवस्था नागरिकलाई बुझाउनुपर्छ।

मेयरले सक्षम र जिम्मेवार टोली बनाउन सक्नुपर्छ। उपमेयर, वडाध्यक्ष, नगरसभा, कर्मचारी र विषयगत शाखासँग सहकार्य नगरी नियमित सेवा तथा विकास आयोजना प्रभावकारी बनाउन कठिन हुन्छ। कर्मचारीलाई स्पष्ट जिम्मेवारी, आवश्यक साधन र कामअनुसार तालिम दिनुपर्छ । राम्रो कामको मूल्याङ्कन र गल्तीको निष्पक्ष समीक्षा हुने वातावरण चाहिन्छ। नागरिक, व्यवसायी, शिक्षक, स्वास्थ्यकर्मी र स्थानीय संघसंस्थाको अनुभवले पनि नगरको योजना सुधार्न मद्दत गर्न सक्छ।

यी प्रस्ताव कार्यान्वयन गर्न चरणबद्ध काम आवश्यक हुन्छ । उदाहरणका लागि, सुरुका सय दिनमा अधुरा आयोजना, आर्थिक दायित्व, सेवा प्रवाहका अवरोध र वडागत प्राथमिकताको समीक्षा गर्न सकिन्छ। यही अवधिमा तत्काल सुधार गर्न सकिने काम पहिचान गरी जिम्मेवार शाखा र समयसीमा तोक्न सकिन्छ। त्यसपछि पहिलो वर्षका लागि स्रोतले धान्ने केही प्राथमिक सुधार सार्वजनिक गर्न सकिन्छ। ठूला खानेपानी, निकास वा बजार पूर्वाधारका आयोजना भने अध्ययन, स्रोत सुनिश्चितता र आवश्यक स्वीकृतिअनुसार अघि बढाउनुपर्छ। समयसीमा स्थानीय क्षमता र कामको जटिलता हेरेर तय गर्नुपर्छ।

प्रत्येक वर्ष नागरिकले प्रगति बुझ्ने अवसर पाउनुपर्छ। सेवा लिन लाग्ने समय घट्यो कि घटेन ? फोहोर सङ्कलन नियमित भयो कि भएन ? मर्मत गरिएका संरचना प्रयोगमा छन् कि छैनन् ? विद्यार्थीको सिकाइ र किसानको बजार पहुँचमा सुधार आयो कि आएन ? यस्ता प्रश्नका उत्तरका लागि सुरुको अवस्था अभिलेख राखेर समयसमयमा तुलना गर्नुपर्छ। परिणाम कमजोर देखिए कार्यक्रमको ढाँचा सुधार्न र आवश्यक परे प्राथमिकता बदल्न नेतृत्व तयार हुनुपर्छ।

नागरिकको सहभागिता पनि परिवर्तनको निरन्तरतासँग जोडिएको हुन्छ। सार्वजनिक सम्पत्तिको संरक्षण, फोहोर व्यवस्थापनमा सहयोग, नियमअनुसार जिम्मेवारी पूरा गर्ने बानी र योजनाबारे प्रश्न गर्ने संस्कार आवश्यक हुन्छ । नगरपालिकाले नागरिकबाट सहयोग खोज्दा आफ्नो तर्फबाट भरपर्दो सेवा र स्पष्ट सूचना दिनुपर्छ । आलोचना, सुझाव र असहमति राख्न पाउने वातावरणले गलत निर्णय सच्याउने अवसर दिन्छ।

हामीलाई चाहिएको मेयरले आफ्नो कार्यकालपछि पनि चलिरहने व्यवस्था निर्माण गर्नुपर्छ। अभिलेख व्यवस्थित हुने, कर्मचारीले जिम्मेवारीअनुसार काम गर्ने, नियमित सेवा सञ्चालनको स्रोत रहने र नागरिकले आफ्नो नगरको निर्णय बुझ्न पाउने आधार बलियो हुनुपर्छ । व्यक्तिगत चिनजानबिना काम हुने र नेतृत्व फेरिँदा पनि सेवा निरन्तर चल्ने अवस्थामा नगरपालिकाप्रतिको विश्वास बढ्छ।

सिरहाको मुहार फेरिएको अनुभव तब हुन्छ, जब बालबालिका राम्रो विद्यालयमा निर्धक्क पढ्न पाउँछन्, किसानले आफ्नो मेहनतको फल बजारसम्म पुर्‍याउन सक्छन्, बिरामीले समयमा सेवा भेट्छन् र सामान्य नागरिकको काम सम्मानपूर्वक हुन्छ। प्रत्येक वडाका बासिन्दाले आफू पनि नगरको प्राथमिकतामा परेको महसुस गर्न पाउनुपर्छ। हामीलाई यस्तो मेयर चाहियो, जसको नेतृत्वमा सिरहामा बस्नु, काम गर्नु र आफ्नो भविष्य बनाउनु थप सहज र आशालाग्दो बनोस्।



## जनकपुरधाममा दसैंको रौनक, शक्तिपीठमा .............

सङ्गमका रूपमा रहेको बडादसैंका लागि जनकपुरधामका शक्तिपीठ सजाइएका छन् । चाडपर्वलाई शान्तिपूर्ण र सुरक्षित बनाउन धनुषा प्रहरीले पनि विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रूपेश खड्काले चाडपर्वका बेला हुने भीडभाड व्यवस्थापन तथा सुरक्षा अवस्थालाई लक्षित गरी विशेष सुरक्षा योजना लागू गरिएको जानकारी दिए ।

उनका अनुसार चाडपर्वलाई ध्यानमा राखेर लामो दूरीका सवारी साधनमा जाँच, नियमित गस्ती तथा बैंक र वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरी नियन्त्रणका लागि विशेष सुरक्षा कार्ययोजना लागू गरिएको छ ।

विशेष सुरक्षा योजनाअन्तर्गत जिल्लाभर ७० वटा पिकेट, ४६ वटा पैदल गस्ती, सात वटा बजार अनुगमन टोली, सात वटा विशेष अपरेसन टोली, १५ वटा विपद् प्रतिकार्य टोली तथा १३ वटा गाडी र मोबाइल टोली परिचालन गरिनेछ । त्यस्तै, लालगढमा एउटा चेकप्वाइन्ट सञ्चालन गर्ने व्यवस्था मिलाइएको प्रहरी उपरीक्षक खड्काले बताए ।

सीमावर्ती क्षेत्र तथा संवेदनशील स्थानमा विशेष निगरानी बढाउनुका साथै विभिन्न तहका गस्तीलाई प्रभावकारी बनाइएको छ । चाडपर्व लक्षित सुरक्षा व्यवस्थापनका लागि एक हजार २११ जना प्रहरी जनशक्ति परिचालन गरिएको उनले जानकारी दिए ।

यसैबिच, दसैं दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै जनकपुरधाममा सस्तो बजार सञ्चालन गरिएको छ । विगत ४० वर्षदेखि सञ्चालन हुँदै आएको उक्त बजारमा उपभोक्ताले दैनिक उपभोग्य सामग्रीदेखि चाडपर्वमा आवश्यकपर्ने विभिन्न सामान एउटै स्थानबाट सहुलियत मूल्यमा खरिद गर्न पाउने छन् ।

जनकपुरधामस्थित गोपाल धर्मशालामा सुरु भएको सस्तो बजारमा यस वर्ष १५० भन्दाबढी प्रदर्शनी कक्ष राखिएका छन् । खाद्यान्न, साबुन, सर्फ, चियापत्ती, अगरबत्ती, भाँडाकुँडा तथा कपडालगायत दैनिक जीवनमा आवश्यकपर्ने सामग्री बिक्रीका लागि राखिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए ।

चाडपर्वका बेला उपभोक्तालाई एउटै स्थानबाट आवश्यक सामग्री सहज र सहुलियत मूल्यमा उपलब्ध गराउने उद्देश्यले सञ्चालन हुँदै आएको दसैं बजारप्रति सर्वसाधारणको आकर्षण बर्सेनि बढ्दै गएको अध्यक्ष भण्डारीले बताए ।

धार्मिक तथा सांस्कृतिक गतिविधि, सुरक्षा व्यवस्थापन र सहुलियत बजार सञ्चालनसँगै जनकपुरधाममा बडादसैंको रौनक बढेको छ । मन्दिरमा पूजाआजा, सांस्कृतिक कार्यक्रम र किनमेलका लागि सर्वसाधारणको चहलपहल बढ्दै जाँदा मिथिलाको धार्मिक तथा सांस्कृतिक केन्द्र जनकपुरधाम दसैंमय बनेको छ ।


❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म


# स्थानीय तहको निर्वाचन केन्द्रित अभियानमा जनमत, मंसिर १० गते काठमाडौंमा शक्ति प्रदर्शन गर्ने

अपन दैनिक संवाददाता
काठमाडौं, असोज २५ गते

जनमत पार्टीले स्थानीय निर्वाचनको लागि सर्वेक्षण तथा सम्भावित उम्मेदवार सूची पठाउन मातहतको कमिटीलाई निर्देशन दिएको छ ।

महाधिवेशनपछि केन्द्रीय सम्पर्क कार्यालय काठमाडौंमा बसेको सचिवालयले बैठकले स्थानीय तहको निर्वाचनमा जुट्ने निर्णय गरेको अध्यक्ष डा. सिके राउतले बताए ।

उनले भने, 'स्थानीय निर्वाचनको लागि तयारी गर्न कुन-कुन पालिकामा हामी मजबुत छौं, कहाँ कहाँ सशक्त उम्मेदवार उपलब्ध छ, कुन-कुन पालिकाको एजेन्डा के-के हुन सक्छ यस सम्बन्धमा सर्वेक्षण भइरहेको छ । केन्द्रीय कार्यकारिणी समितिदेखि जिल्ला र पालिका पदाधिकारीहरूले विशेष गरी सो सुझाव/सिफारिस गर्न अनुरोध गरेका छौं ।'

पार्टीले 'जन जन जनमत, मन मन जनमत' अभियान चलाउने निर्णय गरेको छ । स्थानीय तथा प्रदेश निर्वाचन आसन्न रहेकोले सङ्गठन क्रियाशील रहेका जिल्लाहरूमा जिल्ला पार्टी कार्यालय सक्रिय रूपमा सञ्चालन गर्न र दैनिक रूपमा कार्यालय हेर्नका लागि जिम्मेवारी दिएर नै जिम्मेवार व्यक्ति खटाउन निर्देशन दिएको छ ।



सर्कुलरमा भनिएको छ, 'पार्टी कार्यालय सञ्चालनको पूर्ण जिम्मेवारी सोही स्तरको कार्यकारिणी समितिको हुनेछ र पार्टी कार्यालय हस्तान्तरण गर्दा ऋण राखेर वा तिर्न बाँकी रकम राखेर हस्तान्तरण गर्न पाइने छैन । साथै, रजिस्टर, दराज, टेबल-कुर्सी सहितका पार्टीका सरसामानहरू हस्तान्तरण नगर्ने कुरा स्वीकार्य हुने छैन ।'

स्थानीय निर्वाचन आसन्न रहेकोले सशक्त उम्मेदवार र सङ्गठन रहेका पालिकाहरूमा समेत पार्टी कार्यालय सञ्चालनको पहल गर्न भनेको छ ।

बैठकले स्थानीय अधिवेशन जारी राख्ने निर्णय गरेको छ । यस्तै मंसीर १० गते 'रंगभेदविरुद्ध एकता दिवस' काठमाडौंमा मनाउने भएकाले हरेक वडा-वडामा युवा दस्ता तयार गर्न निर्देशन दिएको छ ।

बैठकले केन्द्रीय कार्यकारिणी समितिको वार्षिक लेवी न्यूनतम ५ हजार र केन्द्रीय कार्यकारिणी पदाधिकारीको लागि वार्षिक लेवी न्यूनतम १० हजार समेत तोकेको छ ।

पार्टीमा असन्तुष्ट रहेका कार्यकर्ताहरूको समस्या बुझ्न र संवाद गर्नका लागि राष्ट्रिय उपाध्यक्ष राजकुमार त्यागीको नेतृत्वमा समिति बनाएर कामकाज अगाडि बढाउने निर्णय गरिएको छ ।

## ब्रह्मचारिणी भगवतीको पूजाआराधना .............

नरहैया, हरिनगरा, कल्याणपुर, मिचैया, गोलबजार, सुखीपुर, लहानलगायतका स्थानमा रहेका दुर्गा मन्दिर तथा शक्तिपीठमा भक्तजनले पूजाआराधना गर्ने गर्छन् ।

त्यसैगरी, काठमाडौं उपत्यकाका गुह्येश्वरी, मैतीदेवी, दक्षिणकाली, कालिकास्थान, शोभा भगवती, तलेजु भवानी, विजेश्वरी, नक्साल भगवती, भद्रकाली र इन्द्रायणीसहितका शक्तिपीठमा पनि नवरात्रका अवसरमा विशेष पूजा गरिन्छ ।

उपत्यकाबाहिर जनकपुरधामको राजदेवी मन्दिर, सप्तरीको छिन्नमस्ता र सखडा, धरानको दन्तकाली, भोजपुरको सिद्धकाली, ताप्लेजुङको पाथीभरा, गोरखाको मनकामना तथा पोखराको विन्ध्यवासिनी मन्दिरमा समेत भक्तजनले देवीको दर्शन र पूजाआराधना गर्ने परम्परा छ ।

बडादसैंलाई असत्यमाथि सत्य र अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा मनाइन्छ ।

नवरात्रभर देवी दुर्गाको आराधना गर्दै भक्तजनले सुख, शान्ति, समृद्धि तथा परिवारको कल्याणको कामना गर्ने गर्छन् ।

## सप्तरीका खोलाबाट अवैध उत्खनन् र तस्करी ............

सडक खण्डबाट बालुवासहित नियन्त्रणमा लिएको छ ।

ठेक्का नलागेको अवस्थामा पूर्णरुपमा नदीजन्य पदार्थ निकाल्न नहुने अवस्था हुँदाहुँदै खोलाबाट बालुवा उत्खनन् गरिरहेको अवस्थाबाट मधेश प्र.०१-००१त ३५८५, मधेश प्रदेश ०१-००१ त ३२२९, स १ त ६८३१ र स १ त ६७३१ नम्बरको ट्र्याक्टरलाई डिभिजन वनले नियन्त्रणमा लिएको हो । यस्तै फत्तेपुर-कञ्चनपुर सडक खण्डको धरमपुरबाट ना ५ ख ८८६० नम्बरको टिप्परलाई समेत अवैद्य बालुवा लोड गरेर जाँदै गरेको अवस्थाबाट नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख मनोज ठाकुरले जानकारी दिए ।

नियन्त्रणमा लिएका ४ वटा ट्र्याक्टर र एउटा टिपरलाई हाल अनुसन्धानकालागि सब-डिभिजन वन कार्यालय कञ्चनपुरमा राखिएको संलग्न व्यक्ति तथा सवारीसाधनमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया सुरु गरिएको डिभिजन वन प्रमुख ठाकुरले जानकारी दिए ।

सप्तकोशी नगरपालिकाले गत आर्थिक वर्ष २०८२/८३ मा घाटगद्दी(स्टोक) गरिएको स्थानबाट ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उठाउने जिम्मेवारी लक्ष्मी साह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिलाई प्रदान गरेको छ । तर, शनिबार वनले बालुवासहित नियन्त्रण लिएको टिप्परधनीसँग फेला परेको उक्त सप्लायर्सको बिलमाथि पनि शंका उठेको छ । 'हामीलाई घाटगद्दी गरिएको ठाउँमा अझ बालुवा बाँकी रहेको छ र सप्लायर्सलाई लग्न दिनु भनि कुनै किसिमको सूचना नगरपालिकाले दिएको छैन', डिभिजन वन प्रमुख ठाकुरले भने, 'अहिले हामीलाई फेला परेको लक्ष्मी साह कन्स्ट्रक्सन एण्ड सप्लायर्सको बिलमाथि शंका लागेको छ, यसबारे नगरप्रमुखलाई पनि जानकारी गराउन आग्रह गरेका छौं, थप अनुसन्धान पनि हामीले गरिरहेका छौं ।'

यसविषयमा नगरप्रमुख ढकालले पनि सप्लार्यसको बालुवा अझै घाटगद्दीमा राखिएको भनि आधिकारिक जानकारी आफूलाई नभएको बताए । 'खोलाबाटै वनले नियन्त्रणमा लिएको बालुवासहित ट्र्याक्टर त अवैध नै भयो, टिपरको साथबाट बरामद भएको सप्लार्यसको बिल छानबिन गर्नुपर्ने देखिएको छ', नगरप्रमुख ढकालले भने, 'नगरपालिकाले गत आबमा सप्लार्यसलाई प्रमाणित गरिदिएको बालुवा घनमिटर बमोजिमको हो वा होइन भन्ने विषयको छानबिन हामी भोली नै गर्छौं, कानुन विपरित काम गर्नेमाथि कारबाही पनि अगाडि बढाउँछौं ।'

नगरपालिकाले लक्ष्मी साह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिलाई गत आर्थिक वर्षमा नदीजन्य सामग्रीको घाटगद्दी गर्न रुपनगर र भरुवाखालमा जिम्मेवारी दिएको थियो । तर, शनिबार उसले प्रयोग गरेको भनिएको बिलको सिरियल नम्बर '००२' मात्रै छ । आर्थिक वर्ष सुरु हुनासाथ १ नम्बरको बिलबाट कारोबार सुरु हुन्छ । तर, चालु आबको तीन महिना बित्नलाग्दा सप्लार्यसले जम्मा दुई वटा बिल मात्रै प्रयोग गरेको विषयमा पनि शंकास्पद देखिएको हो ।








